# BLUE PRINT

NEPALI (024)

Class-X 2023-2024

TIME ALLOWED: 3 HRS Total Marks: 80

| Section | Details of Topics | Type of question | No. of Questions | Marks |
|---|---|---|---|---|
| PART 'A' ( MCQ TYPE) | | | | |
| Reading Comprehension | Two unseen paragraphs **(One prose and One poetry)** of around 200 words. | MCQ (Prose) | 5 | 5x1=5 |
| | | MCQ (Poetry) | 5 | 5x1=5 |
| Applied Grammar | i. KaarakraVibhakti<br>ii. Samas<br>iii. VividhShabda: Bhinnarthakshabda, Paryayvachishabda, Saar shabda, viparitarthakshabdaraanekarthakshabda | MCQ | 10 | 10x1=10 |
| PART 'B' (DESCRIPTIVE TYPE) | | | | |
| Applied Grammar | i. VakyaVivechana :Vakyaparivartan, vakyanirmankavibhinnavidha, vakyarupantar, uktiparivartanrakehisuddha-asuddhavakya.<br>ii. VagdharaUkhanraTukka | S A | 3 | 3x2=6 |
| LITERATURE Sahitya Sudha Prose | i. Paral ko Aago: Guru Prasad Mainali<br>ii. Sojha :Hridaya Chandra Sinha Pradhan<br>iii. Raatbhari Huri Chalyo : Indra Bahadur Rai<br>iv. Dr. Nano : G.B. Niroula ra Devraj Sharma<br>v. Mon: Dhruva Lohagan | S A<br>S A | 4<br>2 | 4x2=8<br>2x3=6 |
| Sahitya Sudha Poetry | i. Aakashka Tara keTara : Hari Bhakta Katwal<br>ii. Ishpadchhuterokavita : Rajendra Bhandari | S A | 4 | 4x3=12 |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

| | | | | |
|---|---|---|---|---|
| | iii. SahidharukoSamjhanama: BhupiSerchand<br>iv. Satya Sandesh :LeknathPaudyal<br>v. Yaatri : Laxmi Prasad Devkota | | | |
| **Rapid Reader: Katha Bimba** | i. Paribanda: Puskar SamserJanga Bahadur Rana<br>ii. Prayaschit: Srimati Khiroda Khadka<br>iii. Totalakophool : Matilda Rai<br>iv. AntimPaat : O Henry | SA<br>SA | 2<br>2 | 2x2=4<br>2x3=6 |
| **PrativaParichaya** | i. Rajendra Bhandari<br>ii. Indra Bahadur Rai<br>iii. Lakhi Devi Sundas | SA | 2 | 2x2=4 |
| **Writing & Composition** | **i. NibandhaLekhan (Essay Writing)** VishayavastuharuJastai: Paryawaran, Samajikghatnaharu, Khel-kud, Naitiktaaadi.<br>**(Two topics must be given out of which one should be attempted.)** | LA | 1 | 1x5=5 |
| | **ii. Patra Lekhan (Letter Writing)** Ghareluvisayaharumathi, saathilaiwasathiharubatapatravyawahar, Chhuttikanimtinivedanpatra, sulk maafikanimtinivedantathaaarthiksahayogkanimtinivedansathaianyasahayogsambandhinivedanpatra<br>**(Two questions must be given out of which one should be attempted.)** | LA | 1 | 1x5=5 |
| | **iii. Translation:** (English to Nepali) | L A | 1 | 1x4=4 |
| Internal Assessment (20 MARKS) | ✓ Periodic Assessment (5)<br>✓ Multiple Assessment (5)<br>✓ Reading and Speaking Skills (5)<br>✓ Subject Enrichment Activities (5) | | | 20 |
| Total | | | | 100 |

www.Padasalai.Net



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

www.Padasalai.Net www.Trb Tnpsc.Com

# SAMPLE QUESTION PAPER (2023-2024)

Code – 024

विषय - नेपाली

कक्षा : 10

**निर्धारित समय -3 घण्टा** **पूर्णाङ्क - 80**

**सामान्य निर्देश**

- यस प्रश्नपत्रलाई खण्ड 1 र 2 गरी दुई भागमा विभाजन गरिएको छ।
- खण्ड 1 मा वस्तुपरक बहुवैकल्पिक प्रश्नहरू रहेका छन्।
- खण्ड 2 मा रहेका सबै प्रश्नहरू वर्णनात्मक छन्।
- प्रत्येक प्रश्नसङ्ख्यामा दिइएका निर्देशनलाई पालन गर्दै सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस्।

| **खण्ड – 1**<br>**बहुवैकल्पिक प्रश्नहरू** | | |
|---|---|---|
| **1.** | **निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नका सही विकल्प छान्नुहोस्।** | **5x1=5** |
| | सत् र संगको योगलाई सत्संग भनिन्छ। साधारण अर्थमा भन्नु हो भने सत्संगको अर्थ हुन्छ राम्रो संगत। मानिसको चरित्र निर्माणमा सत्संगको महत्त्वपूर्ण स्थान छ। संगतको प्रभावले नै मानिस महान वा नीच, सफल–असफल, सुखी वा दुःखी हुन्छ। सुसंगतले मानिस उन्नत, सफल र सुखी बन्छ भने त्यसको विपरीत बन्दछ कुसंगतले। असल चालचलन भएको मानिसहरूको संगत गर्नाले हामी पनि उनीहरूको असल चालचलन, बोली- व्यवहारद्वारा प्रभावित हुन्छौँ र त्यही प्रभावमा परेर हामी हाम्रो चरित्र राम्रो बनाउँदै जान्छौँ। तर कुचरित्र भएकाहरूको संगतबाट हामी आफ्नो चरित्रलाई पनि कालो तुल्याउँदै जान्छौँ । सुसंगतिबाट हामीलाई जीवनमा विपुल लाभ हुन्छ। सत् ज्ञान, सच्चरित्रता, सदाचार आदि गुणहरू सुसंगतिका परिणामहरू हुन्। सुसंगति सत्ज्ञान र बुद्धिको अत्युत्तम साधन हो। हुन त संसारमा हामीले आफ्नो जीवनलाई सुखी र सफल बनाउनलाई असल ग्रन्थकारहरूले लेखेका पुस्तकहरूबाट ज्ञान प्राप्त गर्न सक्छौँ तर पुस्तकबाट प्राप्त गरेको ज्ञानभन्दा संगतबाट प्राप्त गरेको ज्ञान व्यावहारिक हुनाले उत्तम हुन्छ। जसरी पवित्र नदीको लहरमा लहरिएर आएको नदी तटको ढुंगा देवतातुल्य पुजिन्छ त्यसरी नै सुसंगतमा परेको व्यक्ति सभ्य, सुशील र योग्य बन्दछ। जसरी चन्दनको संगतमा रहेका अन्य वृक्षहरू पनि चन्दन झैं सुवासित बन्दछन् त्यसै गरी सुसंगतमा रहेका मानिसहरू पनि सज्जन बन्दै जान्छन्।<br>मनुष्य जीवनमा संगतको ठूलो महत्त्वछ। सुसंगतले मानिस सज्जन र कुसंगतले दुर्जन बन्दछ भन्ने बुझेर प्रत्येक माता-पिताले आफ्ना नानीहरूलाई सानैदेखि असल मानिसहरूको संगत गर्ने अभ्यास र प्रोत्साहन दिन आवश्यक छ। बालबालिका मात्र होइन तर युवा, वृद्ध सबैले हरबखत सुसंगतमा रहने प्रयास र आदत गर्नुपर्छ। “त्यज दुर्जनसंसर्ग भज साधुसमागम” भन्ने उक्तिलाई सदा सर्वदा ध्यानमा राखी हामीले सदैव सज्जनहरूको सुसंगतिमा रहनु आवश्यक र उचित छ। | |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

| | | |
|---|---|---|
| i. | सत्संगको शाब्दिक अर्थ के हो ?<br>A. नीच संगत<br>B. उच्च संगत<br>C. राम्रो संगत<br>D. सयवटा संगत | |
| ii. | सुसंगतिको परिणामहरू के के हुन् ?<br>A. छलकपट, दुष्ट्याई<br>B. मूर्खता<br>C. धूर्तता, अशिश्टता<br>D. सच्चरित्रता, सदाचार | |
| iii. | कस्तो ज्ञान व्यावहारिक हुन्छ ?<br>A. आफै जानेको ज्ञान<br>B. कसैले नसिकाएको ज्ञान<br>C. संगतबाट पाएको ज्ञान<br>D. पुस्तकबाट पाएको ज्ञान | |
| iv. | पवित्र नदीको संगतमा रहेको ढुंगा के बनिन्छ?<br>A. चट्टान<br>B. पाषाण<br>C. देवता<br>D. पत्थर | |
| v. | कस्ता व्यक्तिहरूका व्यवहारद्वारा हामी प्रभावित भएर हाम्रो चरित्र निर्माण गर्छौं?<br>A. चरित्रहीन<br>B. धूर्त<br>C. चरित्रवान<br>D. दुष्ट | |
| **2.** | **निम्नलिखित पद्यांश पढेर सोधिएका प्रश्नहरूको सही विकल्प छान्नुहोस्।** | 5x1=5 |
| | अबोला देश ! विकलाङ्ग गाउँ।<br>अबोला देश ! अन्धा घर।<br>अबोला देश ! लङ्गडा बाटा।<br>अबोला देश ! बहिरा परम्परा।<br>अबोला देश ! लाटा व्यवस्था।<br>अबोला देश ! मुटुमा दिमाग छ।कूटनीतिमा छटा। कुटिल सङ्केतको भाषा। निषेध छैन केहीमा केहीको। अहिंसात्मक परतन्त्र। अबोला देश ! चिथोरिन्छौ। फाटिन्छौ। खुम्चिन्छौ। फराकिन्छौ। निश्चल। | |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

| | | |
|---|---|---|
| | अन्धा ! निदाएको देखेको छौ?<br>बहिरा ! गीत सुनेको देखेको छौ?<br>लाटा ! गाएको देखेको छौ?<br>अबोला देश ! अब तिमीले, कस्तो क्रान्ति ल्याउने हौं? | |
| **i.** | अबोला देशको गाउँ कस्तो हुन्छ?<br>A. अन्धा<br>B. बहिरा<br>C. विकलाङ्ग<br>D. लङ्गड़ा | |
| **ii.** | अबोला देशको मुटुमा के छ?<br>A. रगत<br>B. घाउ<br>C. नशा<br>D. दिमाग | |
| **iii.** | अबोला देशलाई अब के ल्याउने भनेर सोधिएको छ?<br>A. क्रान्ति<br>B. हिंसा<br>C. परतन्त्र<br>D. स्वतन्त्र | |
| **iv.** | अन्धाले के गरेको देखेको छौ भनी प्रश्न गरिएको छ?<br>A. निदाएको<br>B. गाएको<br>C. खाएको<br>D. सुनेको | |
| **v** | अबोलाको अर्थ के हो ?<br>A. नसुन्ने<br>B. नरूने<br>C. नदेख्ने<br>D. नबोल्ने | |
| **3.** | **निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प छान्नुहोस्।** | 10x1=10 |
| **i.** | छुट्टिएको वा अलग भएको बुझाउने कारकको रूप कुन हो ?<br>A. कर्ता<br>B. अधिकरण<br>C. अपादान<br>D. करण | |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

| | | |
|---|---|---|
| ii. | कर्ता कारक र करण कारकको विभक्तिका चिह्न निम्नमध्ये कुन हो ?<br>A. ले<br>B. लाई<br>C. को, का, की<br>D. मा | |
| iii. | 'लामो खुट्टा भएको' विग्रह रूपलाई समास बनाउँदा के हुन्छ ?<br>A. लामोखुट्टा<br>B. खुट्टा लामोभएको<br>C. लामखुट्टे<br>D. लामो भएको | |
| iv. | स्थानअनुसार अनेक अर्थमा प्रयुक्त हुने शब्दलाई के भनिन्छ ?<br>A. भिन्नार्थक शब्द<br>B. पर्यायवाची शब्द<br>C. सार शब्द<br>D. अनेकार्थक शब्द | |
| v. | समास कति किसिमका छन्।<br>A. ५<br>B. ६<br>C. ७<br>D. ८ | |
| vi. | 'अनु' शब्दको अर्थ 'पछि' वा 'पछाड़ि' हो भने 'अणु' शब्दको अर्थ निम्नमध्ये कुन सही हो ?<br>A. अघि<br>B. धेरै<br>C. सानोभन्दासानो<br>D. विभिन्न किसिम | |
| vii. | 'गृह' शब्दको पर्यायवाची शब्दहरू निम्नमध्ये कुन होइन ?<br>A. गृहस्थी<br>B. घर<br>C. आगार<br>D. आलय | |
| viii. | 'आदि' को विपरीतार्थक शब्द कुन हो ?<br>A. शुरू<br>B. आधाभाग<br>C. उत्तम<br>D. अन्त | |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

| | | |
|---|---|---|
| ix. | ‘जो कहिले पनि मर्दैन’ का सार शब्द कुन हो<br>A. अनुज<br>B. अमर<br>C. अमृत<br>D. अनुपम | |
| x. | ‘श्यामले वीरेलाई भन्यो’-रेखाङ्कित पदमा कुन कारक छ ?<br>A. कर्त्ता<br>B. कर्म<br>C. करण<br>D. सम्प्रदान | |
| | **खण्ड 2: वर्णनात्मक प्रश्न** | |
| 4. | **निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 3x2=6 |
| i. | वाक्यमा उद्देश्य र विधेय भन्नाले के बुझिन्छ ? | |
| ii. | निर्देशअनुसार वाक्य परिवर्तन गर्नुहोस्-<br>a. बिहान भएपछि चराहरू उड़े। (मिश्र वाक्यमा)<br>b. त्यो मान्छे धनी छ तर लोभी छ। (सरल वाक्यमा) | |
| iii. | निम्नलिखित कुनै एक वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस्।<br>a. आँखाको कसिङ्गर हुनु।<br>b. थाङ्गामा सुताउनु। | |
| 5. | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | |
| i. | ‘एउटा जीउलाई के जहाँ गए पनि त भो नि जोगिनी हुन्छु, जान्छु।’-यो वाक्य कसले कसलाई भनेको हो ? | 2 |
| ii. | पी. बी. गुरूङको घरको घटनाले कालेकी आमाको विचारमा कस्तो परिवर्तन ल्यायो ?<br>**अथवा**<br>सोझा सन्तानलाई लेखकले केसँग तुलना गरेका छन् ? | 2 |
| iii. | डाक्टर नानोको प्रयोगशालामा तयार भएकीक्लोरिना र आमाको गर्भमा विकसित क्लोरिनामा के फरक छ? | 2 |
| iv. | ‘मनको शक्तिभन्दा समयको अवस्था र बाध्यता नै बलवान रहेछ’ – भनेर ‘मन’ एकाङ्कीमा एकाङ्कीकारले के भन्न खोजेका हुन्? | 2 |
| v. | चामे र जुठेको गृहस्थी जीवनमा के भिन्नता छ? | 3 |
| vi. | कालेकी आमाको कुन निर्णयले आफै ढुक्क भएको अनुभव गरी? | 3 |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com

| | | |
|---|---|---|
| 6. | **निम्न कुनै चार प्रश्नहरूका उत्तर लेख्नुहोस्।** | 4x3=12 |
| i. | 'इस पढ्छु तेरो कविता' शीर्षक कवितामा कविले मानिसहरू कविता नपढेर के के गर्न रुचि देखाउँछन् भनेका छन्? | |
| ii. | 'यात्री' कवितामा कविले मानिसको हाड, मस्तिष्क र इन्द्रीयलाई मन्दिरको कुन-कुन भागहरूसँग तुलना गरेका छन् ? | |
| iii. | 'आकाशका तारा के तारा'कवितामा आकाशका तारा र पृथ्वीका तारामाझ के भिन्नता देखाइएको छ? | |
| iv. | वीर सपुतलाई हामीले किन बिर्सनु हुँदैन, 'शहीदहरूको सम्झनामा' कविताकोआधारमा चर्चा गर्नुहोस्। | |
| v. | 'सत्य सन्देश' कविताका माध्यमबाट कविले के बुझाउन खोजेका हुन्? | |
| 7. | **निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्।** | |
| i. | रने परिबन्दमा फस्नुपरेका कुनै दुईवटा कारणहरू लेख्नुहोस्। | 2 |
| ii. | 'प्रायश्चित' कथामा लक्ष्मीलेआफ्नी छोरी मोतीलाई के भनेर ढाँटेकी थिइन् ?<br>अथवा<br>'टोटलाको फूल' कथामा चित्रित सोनामणिको चरित्र-चित्रण गर्नुहोस्। | 2 |
| iii. | मोतीले आमालाई सताएकीमा कसरी प्रायश्चित गर्न चाहिन्? | 3 |
| iv. | 'अन्तिम पात' कथामा जुनीले कुन कुराबाट जिउने प्रेरणा पाई ? | 3 |
| 8. | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुइवटा प्रश्नका उत्तर लेख्नुहोस्।** | 2x2=4 |
| i. | इन्द्रबहादुर राईका कुनै चारवटा कृतिहरूको नाम लेख्नुहोस्। | |
| ii. | राजेन्द्र भण्डारीको जन्म कहाँ अनि कहिले भएको थियो? | |
| iii. | लक्खीदेवी सुन्दासले सम्पादन गरेका कुनै चारवटा कृतिको नाम लेख्नुहोस्। | |
| 9. | तल दिइएको कुनै एउटा विषयमा 150 शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस्।<br>i. जीवनमा शिक्षाको भूमिका।<br>ii. ग्रामीण जीवन र शहरिया जीवन। | 5 |
| 10. | आफ्नो मातृभाषाको महत्त्व बुझाउँदै छात्रावासमा रहेको भाइलाई एउटा रोचक पत्र लेख्नुहोस्।<br>**अथवा**<br>आफूलाई चाहिएका कुनै तीन पुस्तकहरू मगाउँदै प्रकाशक, जनपक्ष प्रकाशन, गान्तोकलाई एउटा निवेदन पत्र लेख। | 5 |
| 11. | निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्।<br>i. Truth wins in the long run.<br>ii. Having heard this news he became sad.<br>iii. He will have slept by this time.<br>iv. I have been doing this work since morning. | 4 |



Kindly Send me Your Key Answer to Our email id - Padasalai.net@gmail.Com